नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली जाजरकोट
कर्णाली प्रदेश नेपाल
इमेल :- ito.nalgaadmun@gmail.com

पत्र संख्या :- ०८०/०८१
चलानी न.:-

मिति :- २०८०।१०।०४

**करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सूचना**
**प्रथम पटक सूचना प्रकाशित मिति :- २०८०।१०।०४ गते**

प्रस्तुत सम्बन्धमा महिला पुनर्स्थापना केन्द्र (ओरेक) काठमाण्डौ, नेपालको चं. ३१०-२०८०-०८१ मिति २०८०-०९-२९ गतेको प्राप्त पत्रानुसार यस नलगाड नगरपालिका दल्ली, जाजरकोटमा UNFPA को सहयोग तथा महिला पुनर्स्थापना केन्द्र (ओरेक) काठमाण्डौ नेपालको सहजिकरणमा हिंसा तथा विपद् प्रभावितहरुको लागि महिला मैत्री स्थलको स्थापना गरी आबश्यक सेवा प्रवाह र न्यायमा पहुँचको अधिकार सुनिश्चिता लागि समुदाय तहदेखी विभिन्न गतिविधिहरु आगामी दिनमा संचालन गर्नको लागि स्थानीय कर्मचारी आवश्यक भएकोले करार सेवामा देहाय बमोजिमका पदहरुमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको ७ (सात) दिन भित्र वेलुका ४:०० बजेसम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम यस नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ र म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. माग गरिएका पद :-

| क्र. सं. | पद | आवश्यक संख्या | उमेर | आवश्यक न्यूनतम योग्यता तथा अनुभव |
|---|---|---|---|---|
| १ | सामुदायिक सहजकर्ता | २ (दुई) | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको | ➢ नेपाल सरकारको स्वीकृत प्राप्त शैक्षिक संस्थाबाट उच्च शिक्षा तथा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको ।<br>➢ लैङ्गिक विभेदमा आधारित हिंसा, यौन तथा प्रजनन स्वास्थ्य, विपद् व्यबस्थापन जस्ता क्षेत्रमा काम गरेको कम्तीमा ३ बर्षको अनुभव भएको ।<br>➢ स्थानीय समुदायको महिला, दलित तथा पिछडिएको समुदायका व्यक्तीहरु |

२. माग गरिएका पद :-

| क्र. सं. | पद | आवश्यक संख्या | उमेर | आवश्यक न्यूनतम योग्यता तथा अनुभव |
|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | १ (एक) | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेका | ➢ साधारण लेखपढ<br>➢ स्थानीय समुदायको महिला, दलित तथा पिछडिएको समुदायका व्यक्तीहरु |

**कार्यक्षेत्र** :- नलगाड नगरपालिका दल्ली जाजरकोट ।

**करार सेवा अवधि** :- महिला पुनर्स्थापना केन्द्र (ओरेक) को सम्झौता अनुसार

**आवेदन दिने स्थान** :- नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट ।

**आवेदन दिने अन्तिम मिति**:- २०८०/१०/१० गते कार्यालय समयभित्र

**आवेदन दस्तुर** :-सहजकर्ताको लागि रु.५००। र कार्यालय सहयोगीको लागि रु.३००। (फिर्ता नहुने), आवेदन दस्तुर यस नलगाड नगरपालिकाको आन्तरीक राजश्व खाता नं. २३५२०५००२९१८२००२, एन.आई. सि. एशिया बैंकमा जम्मा गरेको भौचर आवेदन साथ पेश गर्नुपर्नेछ ।

**पेश गर्नुपर्ने आवस्यक कागजातहरु** :- अद्यावधिक गरिएको व्यक्तिगत विवरण (Updated CV), आवेदन फारम (www.nalgaadmun.gov.np मा उपलब्ध छ) को साथ शैक्षिक योग्यता, तालीम, नागरिकता र अनुभवका प्रमाण-पत्रहरुको प्रतिलिपिहरु । आवेदन फारम वेभसाइटमा उपलब्ध छ । हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति र सक्कल प्रमाण-पत्रहरु अन्तरवार्ताको समयमा पेश गर्नुपर्ने ।

**तलब भत्ता** :- महिला पुनर्स्थापना केन्द्र (ओरेक) काठमाण्डौ, नेपालको नियमानुसार ।

**छनोट प्रक्रिया** :- लिखित र अन्तरवार्ता ।

लिखित परिक्षा मिति : लिखित परिक्षाको मिति पछी प्रकाशित गरिनेछ ।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत